एजेण्डाहरू

१. समीक्षा

२. जारी निषेध आदेशको अवधि थप गर्ने

३. विविध

निर्णय

१. जिल्ला कोभिड व्यवस्थापन समितिको पछिल्लो निर्णयको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल गरियो। आगामी दिनमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नको लागि पूर्व निर्णयको प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सम्पूर्ण पक्ष थप सतर्कताका साथ परिचालित हुनुपर्ने समीक्षा गरियो। हालसम्म जिल्लाको कोभिड-१९ सम्बन्धी समग्र अवस्था निम्न अनुसार रहेको पाइयो।

- हाल जिल्लामा सक्रिय संक्रमित संख्या ६३१ रहेको, त्रिशूली अस्पतालमा आइसोलेसन वेड संख्या ९०, खरानीटार अस्पतालमा आइसोलेशन वेड संख्या ३०, स्थानीय तहहरुद्वारा निर्मित आइसोलेसन सेन्टरहरुमा भएको वेड संख्या २६८, अस्पताल आइसोलेसनमा भएको संक्रमितको संख्या ३६, आइसोलेसन सेन्टरमा भएको संक्रमितको संख्या २३ र होम आइसोलेसनमा रहेको संख्या ५७२, कोभिड-१९ संक्रमणको दोस्रो वेभबाट मृत्यु हुनेको संख्या ४२ रहेको।

२. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस अघि २०७८।०४।३२ गते राती १२ बजे सम्मका लागि प्रमुख जिल्ला अधिकारीबाट जारी निषेध आदेश २०७८।०५।१० गते राती १२ बजे सम्म थप गर्न सिफारिस गर्ने।

३. गृह मन्त्रालयको च.नं. १९९ मिति २०७८/०४/२८ को परिपत्रबाट लेखी आए बमोजिम हालका दिनमा कोभिड-१९ संक्रमितहरूको संख्या पुनः बढ्न थालेको देखिंदा कोभिड- १९ को तेस्रो लहरको सम्भावनालाई मध्येनजर गर्दै हाल अस्पतलाहरूलाई सभ्भावित उपचारको तयारीका लागि पुनः सूचीकृत गर्नुपर्ने आवश्यकता देखिएकोले जिल्लाका अस्पताल, मेडिकल कलेज, आइसोलेशन सेन्टरहरूलाई स्वास्थ्य कार्यालय नुवाकोटले सूचीकरण गरी सो को विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने। साथै सूचीकृत अस्पतालहरूको विवरण र सूचीकृत अस्पतालमा भएका संक्रमितहरूको **दैनिक विवरण** imucovid19.mohp.gov.np मार्फत स्वास्थ्य कार्यालय नुवाकोटले रिपोर्टिङ गर्ने।

आज मिति २०७८।०४।३२ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो:

**सल्लाहकारः**

१. श्री सन्तमान तामाङ, प्रमुख, जिल्ला समन्वय समिति नुवाकोट
२. श्री सञ्जु पण्डित, प्रमुख, विदुर नगरपालिका

**उपस्थितिः**

१. श्री जीवन प्रसाद दुलाल, प्रमुख जिल्ला अधिकारी
२. श्री वेद प्रसाद अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी
३. श्री राजकपुर चौलागाईं, जिल्ला समन्वय अधिकारी
४. श्री अरुण कार्की, प्र.से. श्री जबरजंग गण
५. श्री बाल मुकुन्द बिष्ट, प्र.से, श्री नं १ तालिम गण त्रिशूली
६. श्री तुल बहादुर कार्की, प्र.उ, जिल्ला प्रहरी कार्यालय
७. श्री मदन ढुंगाना, स.प्र.ना.उ, स.प्र.बल नेपाल, नं १९ गुल्म
८. श्री हेमन्त चौधरी, प्र.अ.अ, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
९. श्री सागरप्रसाद घिमिरे, व.ज.अ, स्वास्थ्य कार्यालय
१०. डा. दिपेन्द्र पाण्डे, मे.सु, त्रिशूली अस्पताल

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३

इमेल : nuwakotcdo@gmail.com
वेवसाइट:daonuwakot.moha.gov.n

पत्र संख्या : ०७८/७९ मितिः २०७८।०४।३२

## जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट जारी निषेध आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०४/३२ गते राति १२:०० बजे सम्मका लागि निषेधित आदेश जारी भएकोमा पुनः २०७८/०४/३२ गते राति १२:०० बजेदेखि २०७८/०५/१० गते राति १२:०० बजेसम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। यो आदेशको बर्खिलाप भए/गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः-

### निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह, व्यवसाय सम्बन्धी**

(क) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न गराउन नपाइने,

(ख) सार्वजनिक खेलकूद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

(ग) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका धार्मिक तथा साँस्कृतिक कार्यक्रम गर्न नपाइने,

(घ) कुनैपनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसंहरु भेला हुने, नारा, जुलुश वा प्रर्दशन जस्ता कार्य गर्न गराउन नपाइने,

(ङ) रङ्गशाला, खेलकूदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकूद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

(च) विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाई गतिविधि संचालन गर्न नपाइने ।

(छ) फुटपाथमा पसल सञ्चालन गर्न/गराउन नपाइने।

जीवन प्रसाद दुलाल
प्रमुख जिल्ला अधिकारी

## गर्न पाइने कार्यहरु

(क) आवश्यक कामको लागि घर बाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गरी स्वास्थ्य प्रोटोकल बमोजिम कम्तिमा २ मिटरको भौतिक दूरी कायम गरी हिंड्न।

(ख) विवाह, व्रतवन्धको हकमा बढी १५ जनासम्म (विवाहमा दुबैपक्षका गरी) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर आफू बसोबास गरेको घरमा मात्र गर्न ।

(ग) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरुप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गराई आ-आफ्नो निकायबाट सेवा सञ्चालन तथा व्यवस्थापन गर्न ।

(घ) सबै प्रकारका सवारी साधन स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी संचालन गर्न।

(ङ) माथि उल्लिखित निषेध गरिएका कार्यहरू बाहेकका अन्य सबै प्रकारका पसल व्यवसायहरू नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी **साँझ ७ बजे** सम्ममात्र खुल्ला गर्न।

(च) बैंक, वित्तीय संस्थाहरुको हकमा नेपाल राष्ट्र बैक र सम्बन्धित बैकको केन्द्रीय कार्यालयबाट जारी निर्देशन बमोजिम स्वास्थ्य प्रोटोकल पालना गरी संचालन गर्न।

(छ) विश्व विद्यालयले निर्धारण गरेका परीक्षाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी संचालन गर्न।

(ज) विकास निर्माण कार्यमा प्रयोग हुने जनशक्तिलाई कार्यस्थल मै बस्ने खाने व्यवस्था व्यवस्थापक स्वयंले गरी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर कार्य गर्न।

माथि उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट COVID-19 को नियन्त्रण सम्बन्धमा कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

२०७८।४।३२

.............................
(जीवनप्रसाद दुलाल)
प्रमुख जिल्ला अधिकारी

जीवन प्रसाद दुलाल
प्रमुख जिल्ला अधिकारी